# २०२० र २१ को शैक्षिक सत्रका लागि म्यानिटोबामा विद्यालय खुल्ने बारे जानकारी

बर्खे बिदा पछि म्यानिटोबामा सार्बजनिक तथा अन्य विद्यालयहरूमा नयाँ शैक्षिक सत्रको पढाई यही सेप्टेम्बर ८ गते मंगलबारबाट शुरूहँदै छ । विद्यालय खुल्ने सँगसँगै कोरोना भाइरसको पनि त्रास तथा खतरा बढीरहेको अवस्थामा यस भिडियो मार्फत तपाइको लागि केही उपयोगी सुचना प्रस्तुत गर्न गइरहेका छौं ।

## विद्यालयको तालिका

- किन्डरगार्टेन देखि कक्षा ८ सम्म कक्षाहरू हरेक हप्ता सोमबार देखी शुक्रबारसम्म विद्यालय सञ्चालन हुँदैछन् ।

- कक्षा ९ देखी १२ सम्मको पढाइ विद्यालयले यदि सुरक्षित दुरी कायम गर्न सक्ने भएमा विद्यालय सञ्चालन हुँदै छन् । त्यसैले कक्षा ९ देखी १२ सम्मका बिद्यार्थीहरूले बिद्यालयको तालिका थाहापाउन आफ्नो विद्यालयको वेबसाइटमा हेर्नु होला ।

- विशेष आवश्यकता भएका बिद्यार्थीहरू, जस्तै भाषा अनुबादन चाहिने बिद्यार्थीहरू, पनि हप्तामा पाँचै दिन बिद्यालय जान सक्ने छन् । यदि केही अन्यौल भएको छ भने सम्बन्धित बिद्यालयमा फोन गर्नुहोला ।

- बिद्यालयको समय तालिका पहिलेको जस्तो नियमित हुनेछ । यदि तपाईलाई अन्यौल भएको छ भने कृपया सम्बन्धित बिद्यालयको वेबसाइट हेर्नु होला ।

- अभिभावकहरू सकेसम्म बिद्यालय भित्र प्रवेश नगरी दिनु होला । बिद्यालय प्रवेश गर्ने ढोकाहरूको नियमित अनुगमन गरिने छ । अभिभावक तथा बिभिन्न कामले बिद्यालयआउनुहुने महानुभावहरूले यदि आवस्यकनै छ भने बिद्यालयको कार्यलयमा सम्पर्क राख्नुहोला ।

## घरबाट अनलाइन पढाई या स्वत: पढाई

- बिद्यालय जान नसक्ने बिद्यार्थीहरूका लागि दुईवटा उपायहरू छन् : घरबाटै अनलाईन पढ्ने जसलाई अनलाईन पढाई वा अंग्रेजीमा रिमोट लर्निगं भनिन्छ र घरमै अभिभावकले पढाउने या आफैले पढ्ने जसलाई स्वत: पढाई वा होम स्कुलिगं भनिन्छ । अनलाईन पढाई र स्वत: पढाईमा फरक छ । अनलाईन पढाईमा बिद्यालयको सहयोगी शिक्षकले कम्प्युटरबाट पढाउने छन् भने स्वत: पढाईमा बिद्यार्थी आफैले पढ्नु पर्ने छ । स्वत: पढाईमा बिद्यालयले शिक्षक र शिक्षण सामाग्री उपलब्ध गराउने छैन ।

- अनलाईन र स्वत: पढाईका लागि तपाईको बच्चा बिद्यालयमा जान नसक्ने उपयुक्त प्रमाण, जस्तै डाक्टरको नोट, सहित आफ्नो बच्चाको बिद्यालय डिभिजनमा सम्पर्क गर्नुहोला । बिद्यालय डिभिजनले तपाईको बच्चाको लागि अनलाईन पढाईको व्यवस्था गर्न सहयोग गर्नेछ ।

- यदि कुनै परिवारले बच्चाको स्वत: पढाई शुरू गरेको केहि समय पछि उक्त बच्चालाई बिद्यालय पठाउन चाहन्छ भने बिद्यालयले मध्यबर्ष देखि उक्त बच्चालाई बिद्यालयमा नियमित पढाईकालागि ब्यबस्था गर्नुपर्नेछ ।

- यदि तपाईले अनलाईन पढाई र स्वत: पढाईको बारेमा राम्ररी जानकारी नलिइ बच्चालाई अनलाईन वा स्वत: पढाईका लागि दर्ता गर्नुभएको छ तर अब बच्चालाई बिद्यालय पठाउन चाहनुहुन्छ भने तुरुन्त सम्बन्धित बिद्यालयमा सम्पर्क गर्नुहोला ।

## कोरोना भाईरससँग जोगिने उपायहरू

हरेक बिद्यालयमा शिक्षक र कर्मचारीहरूले जनस्वास्थ्य अधिकारीहरूबाट कोरोनाको जोखिम कम गर्ने तालिम लिने छन् ।

बिद्यालय जाँदा वा अन्य स्थानहरूमा रहँदा तपाईले र तपाईको बच्चाले निम्न उपायहरू अपनाउनु सख्त जरूरी छ :

- बाटोमा हिड्दा वा कतै जाँदा अन्य व्यक्तिसँग २ मीटरको भौतिक दुरी कायम राख्ने । २ मीटरको भौतिक दुरी कायम गर्न नसकिने अवस्थामा अनिवार्य मास्क लगाउँ ।
- सार्बजनिक ठाउँहरूमा वा भिडभाडमा जाँदा अनि(वार्य मास्कको प्रयोग गर्ने । किनकी यी ठाउँहरूमा २ मीटरको सुरक्षित दुरी कायम नहुन पनि सक्छ ।
- बाहिर गएर आए पछि वा कसैकोमा गए पछि साबुन पानीले २० सेकेन्ड सम्म मिचिमिचि हात धुनु होला । यदि हात धुन सम्भव नभएमा ह्याण्ड स्यानिटाइजर लगाउनु होला ।
- कसैलाई भेट्दा हात नमिलाउनु होला, अंगालो पनि नहाल्नु होला । टाढै बाट हेल्लो हाइ वा नमस्कार गर्नु नै अभिवादन गर्ने सुरक्षित तरिका हो ।
- साबुन पानीले मज्जाले हात नधोएसम्म नाक, मुख, या आँखा नछुनु होला ।
- आफ्नो व्यक्तिगत प्रयोजनका सामानहरू जस्तै: खाने कुरा, लिपिस्टिक, चिपिस्टिक, मास्क, पानीको बोत्तल आदि अरूलाई प्रयोग गर्न नदिनु होला र अरूको पनि प्रयोग नगर्नुहोला ।
- खोकि लाग्दा या हाक्ष्युँ आउँदा रूमाल वा टिस्यु पेपरको प्रयोग गरि नाक र मुख छोप्नु होला र त्यसपछि तुरून्तै साबुन पानीले हात धुनु होला । यदि साबुन पानी नभए ह्याण्ड स्यानिटाइजरको प्रयोग गर्नु होला ।
- यदि तपाईलाई कोरोनाको लक्षण देखिएको छ या यदि तपाई म्यानिटोबा देखि बाहिर यात्रा गरेर आउनु भएको छ या यदि तपाई कोरोना लागेको सम्भावित व्यक्तिसँगको सम्पर्कमा आउनु भएको छ भने कृपया घरमै छुट्टै बस्नु होला ।

## कोरोना लक्षणहरूको चेकजाँच र घर फिर्ता

बच्चाहरूलाई बिद्यालय पठाउनु अघि अभिभावकहरूले हरेक दिन आफ्ना बच्चाहरूलाई कोरोनाको निम्न लक्षणहरूको बारेमा चेकजाँच गर्नु पर्नेछः ज्वरो या काम ज्वरो, रूघाखोकी, सास फेर्न गाह्रो, ज्यान दुख्ने या एक दमै थकान, रिगंटा लाग्ने, र वाकवाक आउने ।

तपाईको बच्चालाई यी मध्ये कुनै पनि लक्षण देखिएको पाउनु भयो भने बिद्यालय नपठाउनु होला । यदि बिद्यालयमा तपाईको बच्चालाई चेकजाँच गर्दा कोरोनाका संभावित लक्षणहरू पाइयो भने तपाईको बच्चालाई अन्य बिद्यार्थीहरू भन्दा छुट्टै राखिनेछ र तपाईलाई बच्चा घर लानको लागि खबर गरिने छ ।

## बिद्यालयमा बच्चाहरूको समुह

बिद्यालयमा बच्चाहरूलाई सानो सानो समुहमा राखिने छ । जस्तै एउटा कक्षामा पढ्ने बिद्यार्थीहरूको एउटा समुह हुन सक्छ । समुह समुहको दुरी ४ मीटरको राखिने छ । एउटा समुह भित्र बिद्यार्थीहरू बीचको दुरी १ मीटरको रहने छ । एउटा समुहको बिद्यार्थी लाई अर्को समुहको बिद्यार्थीसँग राखिने छैन । एउटै समुह बीचका बिद्यार्थीहरू खाना र खेलकुद सँगसँगै गनेछन् । एउटा समुहका बिद्यार्थीहरूको बिद्यालय प्रवेश गर्ने र घर जाने समय हरेक दिन सँगै हुनेछ । त्यसैले तपाईको बच्चाको बिद्यालय आउने र घरजाने समयको विशेष ध्यान दिनु होला ।

## मास्क र अन्य सुरक्षा सामाग्री

- कक्षा ४ देखि माथिका बिद्यार्थीहरूले बिद्यालय भित्र मास्क अनिवार्य लगाउनु पर्नेछ । कक्षा ४ भन्दा साना बिद्यार्थीहरूले यदि उनका अभिभावकले भनेको अवस्थामा बिद्यालय भित्र मास्क लगाउन सक्नेछन् ।
- कक्षा ४ देखि १२ सम्मका बिद्यार्थीहरूले स्कुलबसमा यात्रा गर्दा मास्क अनिवार्य लगाउनु पर्नेछ । स्कुल बसका चालकले पनि मास्क अनिवार्य लगाउनु पर्नेछ ।
- तपाईको बच्चालाई संभवभएसम्म पुनः प्रयोग गर्न सकिने मास्कको व्यवस्था गरिदिनुहोला । मास्कमा बच्चाको नाम लेखिदिनुहोला । साथै बच्चालाई आफैले मास्क कसरी लगाउने र खोल्ने पनि सिकाउनु होला ।
- पुनः प्रयोग गर्न मिल्ने मास्कलाई अर्को दिन लगाउनका लागि धुनु होला या स्यानिटाइज गर्नु होला र मास्कलाई सुरक्षित स्थानमा राख्नुहोला ।
- यदि बच्चाको लागि मास्क पाउन सक्नु भएन भने सम्बन्धित बिद्यालयमा जानकारी गराउनु होला । त्यस्तो अबस्थामा बिद्यालयले मास्क उपलब्ध गराउने छ ।

## बिद्यालय अबधि र बिद्यालय अबधि पछिका कार्यक्रमहरू

डे केयर बाहेकका धेरै जसो सामुदायिक कार्यक्रमहरू बिद्यालयमा सञ्चालन हुने छैनन् । धेरै जसो बिद्यालय अबधि पछिका कार्यक्रहरू पनि सञ्चालन हुने छैनन् । थप जानकारीका लागि सम्बन्धित बिद्यालय र सामुदायिक संघसंस्थाहरूमा सम्पर्क राख्नु होला ।

बिद्यालयमा स्न्याक उपलब्ध गराइने छैन । बिद्यार्थीहरूले आफ्नो स्न्याक आफै ल्याउनु पर्नेछ । लन्च कार्यक्रम चाँहि कक्षाकोठामा यथावत नै हुनेछ ।

## थप जानकारी

बिद्यालयले अभिभावकहरूलाई नियमित सुचना उपलब्ध गराउने छ । यदि यहाँलाई नयाँ सुचनाको बारेमा प्रष्ट्याउनु परेमा सम्बन्धित बिद्यालयमा या समुदायका जानकार व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला ।

